# बारबर्दिया शिक्षा पार्श्वचित्र

# Barbardiya Education Profile

## २०७८



"हाम्रो बारबर्दिया नगरपालिकाको शैक्षिक प्रतिबद्धता
गुणस्तरीय शिक्षामार्फत सुख, शान्ति र आत्मनिर्भरता"

**बारबर्दिया नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**शिक्षा, युवा तथा खेलकुद शाखा**
**जयनगर, बर्दिया**

# बारबर्दिया नगरपालिकाको वस्तुगत चित्रण



# बारबर्दिया शिक्षा पार्श्वचित्र-२०७८


| | | |
|---|---|---|
| प्रकाशक | : | बारबर्दिया नगरपालिका<br>नगर कार्यपालिकाको कार्यालय<br>शिक्षा, युवा तथा खेलकुद शाखा<br>जयनगर, बर्दिया<br>लुम्बिनी प्रदेश, नेपाल |
| प्रकाशन प्रति | : | ६०० |
| सर्वाधिकार | : | प्रकाशकमा |
| मुद्रण | : | |


यो सामग्री बारबर्दिया नगरपालिकाका विद्यालय, सामुदायिक सिकाइ केन्द्र, क्याम्पस, कार्यपालिकाका, शिक्षा, युवा तथा खेलकुद शाखा, विषयगत शाखा र वडा कार्यालयहरुलाई निःशुल्क वितरणका लागि प्रकाशन गरिएको हो । अन्य व्यक्ति एवम् सङ्घसंस्थाहरुलाई यसको मुद्रणीय कपी निःशुल्क प्राप्त गर्न कर लाग्ने छैन ।

## सल्लाहकार

| | | |
|---|---|---|
| नगर प्रमुख | : | दुर्गा बहादुर थारु (कविर), बारबर्दिया नगरपालिका |
| नगर उप प्रमुख | : | अञ्जु दहित, बारबर्दिया नगरपालिका |
| प्रमुख प्रशासकीय अधिकृत | : | दशरथ बुढा, बारबर्दिया नगरपालिका |
| लेखा अधिकृत | : | बसन्त बहादुर शाही, बारबर्दिया नगरपालिका |
| सामाजिक विकास समिति संयोजक | : | निरञ्जन कुमार चौधरी, बारबर्दिया नगरपालिका |

## सम्पादक मण्डल

| | | |
|---|---|---|
| संयोजक | : | टिकानाथ गोसाई, बारबर्दिया नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखा |
| सदस्य | : | कर बहादुर वस्नेत (सदस्य- प्र.अ.श्री भानुभक्त मा.वि.सिउनिया) |
| सदस्य | : | जीवन अर्याल (सदस्य- प्र.अ.श्री जनशक्ति आधारभूत विद्यालय, बन्घुस्री) |
| सदस्य | : | नगेन्द्र भण्डारी (कम्प्युटर अपरेटर, बारबर्दिया नगरपालिका, बर्दिया) |
| सदस्य | : | राधेश्याम प्रसाद चौधरी (सूचना प्रविधि अधिकृत, बारबर्दिया नगरपालिका, बर्दिया) |
| सदस्य | : | राम बहादुर थारु (रोजगार संयोजक, बारबर्दिया नगरपालिका, बर्दिया) |

**साझेदारी : Plan International Nepal and SAC Nepal, Banke**

# शुभकामना मन्तव्य

बारबर्दिया नगरपालिका, नगर कार्यपालिकाको कार्यालय शिक्षा, युवा तथा खेलकुद शाखाद्वारा वर्तमान नेपालको संविधान, शिक्षा सम्बन्धी विद्यमान कानुन, नीति तथा कार्यक्रम, विद्यालयस्तरका शैक्षिक तथ्याङ्क, आर्थिक वर्ष २०७७/७८ को अवधिमा नगरपालिकाद्वारा सञ्चालन भएका सम्पूर्ण शैक्षिक गतिविधि लगायतका विषयवस्तु समेटेर तयार पारिएको वार्षिक शैक्षिक बुलेटिन तथा प्रोफाइलको रुपमा **बारबर्दिया शिक्षा पार्श्वचित्र-२०७८** प्रकाशन हुने जानकारी पाउँदा अत्यन्तै हर्षित छु ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षाको समग्र व्यवस्थापनको जिम्मेवारी स्थानीय सरकारलाई तोकेबमोजिम उक्त अधिकारको कार्यान्वयनका लागि हामीले थुप्रै कार्यहरु गर्नु पर्ने हुन्छ । यसका लागि आवश्यक स्थानीय कानुन,नीति तथा कार्यविधि तर्जुमादेखि तिनको कार्यान्वयनमा नगरपालिकाको तर्फबाट हरसम्भव प्रयासहरु भइ रहेका छन् । आ.व. २०७४/७५ मा नगरपालिकाद्वारा शिक्षा क्षेत्रका केही अत्यावश्यकीय कार्यविधिहरु तयार गरिएका छन् । यसैका आधारमा नगरपालिकाले शिक्षक दरबन्दी मिलान, विद्यालयहरुलाई स्वीकृति प्रदान गर्ने कार्य सम्पन्न गरेको छ भने प्रधानाध्यापकहरुलाई ३० बुँदे सम्झौता गराई प्र.अ. मिलान गर्ने कार्य गरिएको छ । शिक्षा क्षेत्रमा सङ्घीय स्तरबाट बन्नुपर्ने सङ्घीय शिक्षा ऐन तथा नियमावली निर्माण तथा संशोधन नहुनुले स्थानीय तहले के, कसरी, कुन कुन क्षेत्रमा शिक्षा सम्बद्ध कानुन तर्जुमा गर्ने भन्ने कुरा हालसम्म स्पष्ट नहुनु, पालिकाबाट शिक्षा क्षेत्रमा नयाँ अभ्यास गर्नुपर्ने स्थितिका कारण विभिन्न समस्या एवम् चुनौतिहरु विद्यमान रहेका छन् । तथापि यसले बारबर्दियाको शैक्षिक इतिहासलाई संरक्षण गर्न सहयोग पुर्‍याउने छ भन्ने मलाई विश्वास छ । तसर्थ ती समस्या तथा चुनौतिहरुलाई सही ढङ्गबाट समाधान गरी समग्र नगरपालिकाको शिक्षा क्षेत्रको सुधारका लागि हातेमालो गरी अघि बढ्न म सम्पूर्ण नगरपालिका बासीहरुमा हार्दिक अपिल गर्दछु ।

यस नगरपालिकाको दश वर्षीय नगर शिक्षा योजना निर्माणको पूर्व सन्ध्यामा शिक्षा योजना निर्माणको महत्वपूर्ण आधार दस्ताबेजको रुपमा रहेको आर्थिक बर्ष २०७७/७८ को अविधमा भए गरेका शैक्षिक क्रियाकलापहरुलाई समेटेर विद्यालय तथा सरोकारवालाहरुको जानकारीका लागि **बारबर्दिया शिक्षा पार्श्वचित्र-२०७८** लाई प्रकाशन योग्य बनाउन खटिनु भएका शिक्षा, युवा तथा खेलकुद शाखाका शाखा प्रमुख शिक्षा अधिकृत टिकानाथ गोसाई, नगर शिक्षा समितिका पदाधिकारी, शिक्षा शाखाका कर्मचारी,भाषा सम्पादन तथा प्रकाशन कार्यमा सहयोग गर्नुहुने सम्पूर्ण सहयोगी जनहरुमा नगरपालिकाको तर्फबाट विशेष धन्यवाद व्यक्त गर्दछु ।

अन्तमा, आगामी वर्षहरुमा अद्यावधिक जानकारीहरु समेटेर विविध शैक्षिक झलकहरु प्रकाशन गर्ने कार्यले समेत निरन्तरता पाओस् भन्ने शुभेच्छा राख्दै यो पहिलो प्रकाशनका लागि स-हृदयताका साथ पूर्ण सफलताको शुभकामना समेत व्यक्त गर्दछु ।

धन्यवाद ।

२०७८ असोज

दुर्गा बहादुर थारु (कविर)
**नगर प्रमुख**

## शुभकामना मन्तव्य

बारबर्दिया नगरपालिका, नगरकार्यपालिकाको कार्यालयले नगरपालिका बासीहरुको सेवासुविधाका लागि स्थापनाकाल देखि विभिन्न कार्यहरु निरन्तर गर्दै आइरहेको छ । नेपालको संविधान जारी भए पश्चातको सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको प्रारम्भसँगै नगरपालिकाको कार्य क्षेत्राधिकार समेत फराकिलो भएकोमा सोही अनुसार सेवा विस्तार गर्न कार्यालयबाट हरसम्भव प्रयासहरु भएका छन् । यदाकदा शिक्षा सम्बन्धी आवश्यक सूचना प्राप्त नभएको अवस्थामा कार्यान्वयनमा समेत कठिनाई सिर्जना भएर सेवाग्राहीहरुले समयमा प्राप्त गर्नु पर्ने सेवा प्राप्त गर्न नसक्ने स्थिति पनि रहेको हुन सक्छ । यसैलाई मध्यनजर गर्दै नगरपालिकाको विद्यालयीय शिक्षाको वर्तमान अवस्थाको सूचना सरोकारवालाहरुमा पुऱ्याई नगरपालिकाको शैक्षिक क्षेत्रलाई उन्नत तथा पारदर्शी बनाउन र सेवा प्रवाहलाई अझ चुस्त र दुरुस्त तुल्याउन सजिलो होस् भन्ने हेतुले **बारबर्दिया शिक्षा पार्श्व चित्र-२०७८** प्रकाशनको थालनी भएको छ । स्थानीय तहबाट यसको प्रकाशन हुनु भनेको सूचना पाउने हकको समेत सम्बोधन हो । नगरपालिकाको एक शाखाका रुपमा रहेको शिक्षा, युवा तथा खेलकुद शाखाले **पार्श्व चित्र** प्रकाशन गर्ने जुन जमर्को गरेको छ, यो अत्यन्तै प्रशंसनीय कार्य हो ।

यस प्रकारको प्रकाशन बारबर्दिया नगरपालिकाको शिक्षातर्फको पहिलो प्रयास हो । यसलाई यो रुपमा ल्याई पुऱ्याउन कार्यालय अन्तर्गको शिक्षा शाखाका सम्बद्ध कर्मचारी मित्रहरु असाध्यै खट्नु भएको छ । वहाँहरुको अथक प्रयासबाट यस **बारबर्दिया शिक्षा पार्श्वचित्र-२०७८** मा शैक्षिक सत्र २०७७ र २०७८ को अवधिका अधिकांश शैक्षिक तथ्याङ्कहरु समेटिएका छन् । जसले आगामी बन्न लागेको नगरपालिकाको दश वर्षीय नगर शिक्षा योजना निर्माण र कार्यान्वयनका लागि महत्वपूर्ण सहयोग पुऱ्याउने देखिन्छ ।

विद्यालयका लागि चाहिने अभिलेख एवम् सूचनाको स्रोत र सरोकारवालाहरुका लागि नगरपालिकाको शैक्षिक सूचनाको मुख्य स्रोतका रुपमा यो प्रकाशन सफल हुने देखिन्छ । विद्यालयमा हुने कार्यक्रमहरुको पारदर्शिता एवम् जवाफदेहिताका लागि यसले महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ । तसर्थ यस प्रकाशनलाई अध्ययन गरी सरोकारवाला व्यक्ति तथा निकायहरुले बारबर्दिया नगरपालिका क्षेत्रको समग्र शैक्षिक विकासका लागि बढीभन्दा बढी उपयोग गरिदिनु हुनेछ भन्ने अपेक्षा समेत राखेको छु ।

विश्वव्यापी महामारीका रुपमा रहेको कोभिड-१९ को सन्त्रास युक्त परिस्थितिमा समेत अहोरात्र खटेर पार्श्व चित्र प्रकाशन गर्न सक्षम हुनु भएकोमा शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमुख सबै कर्मचारीहरु तथा सम्पादक मण्डल प्रति हार्दिक बधाई ज्ञापन गर्दछु । साथै आगामी वर्षहरुमा यसको निरन्तरताका लागि शुभकामना समेत व्यक्त गर्दछु ।

धन्यवाद ।

२०७८ असोज

दशरथ बुढा
प्रमुख प्रशासकीय अधिकृत

# दुई शब्द

मानव एवम् समाज विकासको मेरुदण्ड शिक्षा, अधिकारको विषय पनि हो । दिगो शान्ति सुशासन, विकास र समृद्धिको अपेक्षा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था रहेको वर्तमान नेपालको संविधानले गरेको छ । जुन कुरा शिक्षाबाट मात्र सम्भव छ । यसलाई मध्यनजर गरेर ज्ञान र विज्ञानको विष्फोट स्वरुप शिक्षा क्षेत्रमा देखा परेका परिवर्तनलाई आत्मसात् गर्दै शिक्षालाई वैज्ञानिक प्राविधिक, व्यावसायिक, सिपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाएर सक्षम, प्रतिस्पर्धी, नैतिक तथा राष्ट्रहितप्रति समर्पित जनशक्ति तयार गर्न सम्बन्धित सबै दत्तचित्त भएर लागि पर्नु पर्ने आजको टड्कारो आवश्यकता हो । शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँचयोग्य बनाई क्रमश निःशुल्क बनाउने राज्यको नीति बमोजिम प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको लागि अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ भनी मौलिक हकमा समेत व्यवस्था गरेको छ ।

वर्तमान नेपालको संविधानको अनुसूची ८ ले आधारभूत तथा माध्यमिक शिक्षालाई स्थानीय तहको अधिकारको सूची अन्तर्गत राखेको छ भने स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (२) ज. मा स्थानीय तहले गर्नुपर्ने आधारभूत र माध्यमिक शिक्षासम्बन्धी विभिन्न २३ वटा काम कर्तव्य र अधिकारहरू उल्लेख गरेको छ । देश सङ्घीयतामा गइसके पछि बारबर्दिया नगरपालिकाले स्थानीय तह सञ्चालनमा आएसँगै स्थानीय सरकारका रुपमा विद्यालय शिक्षासम्बन्धी कानुन तथा शिक्षा सम्बन्धी योजना बनाउनेदेखि शैक्षिक कार्यक्रमहरू कार्यान्वयन, शैक्षिक संस्थाहरूको स्थापना, अनुमति, सञ्चालन व्यवस्थापन, नियमन जनशक्तिहरूको परिचालन तथा व्यवस्थापन र अनुगमन तथा मूल्याङ्कन गर्ने जस्ता अत्यन्त महत्त्वपूर्ण कार्यको जिम्मेवारी वहन गर्दै आएको छ यसका साथै आधारभूत तह निःशुल्क तथा अनिवार्य शिक्षा सुनिश्चित गर्न सफल नेपालकै पहिलो नगरपालिकाको रुपमा रहेको छ । बारबर्दिया नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखामार्फत् शैक्षिक गुणस्तर अभिवृद्धि गर्न, शिक्षामा सबै बालबालिकाको पहुँच पुऱ्याउन, विद्यार्थी भर्नादरमा वृद्धि गर्ने, विद्यालय छोड्ने तथा कक्षा दोहोऱ्याउने दरमा कमी ल्याउने ध्येयका साथ नगरपालिकाको शैक्षिक उन्नतिको लागि उल्लिखित कार्यहरू सम्पादन हुँदै आएका छन् ।

तथ्याङ्कको अभावमा योजना एवम् कार्यक्रमहरू तर्जुमा गर्न र तिनको प्रभावकारी कार्यान्वयन गर्न सम्भव छैन । सूचना प्राप्त गर्नु प्रत्येक नागरिकको नैसर्गिक अधिकार हो भने सार्वजनिक निकायले सूचना दिनु उसको कर्तव्य हो । शैक्षिक तथ्याङ्कहरूको यथार्थ अभिलेख राखी सरोकारवाला लगायत आम नागरिकहरूलाई सु-सूचित गर्ने अभिप्रायले बारबर्दिया नगरपालिकाको समग्र शैक्षिक अवस्था, नगरपालिकाले शिक्षाका क्षेत्रमा सम्पादन गरेका विभिन्न कार्यक्रमहरूका बारेमा कार्यालयले विभिन्न माध्यमबाट समय समयमा जारी सूचना एवम् विभिन्न कार्यक्रममार्फत जानकारी गराउँदै आएको भएता पनि नगरपालिकाको शैक्षिक अवस्था बारे जानकारी दिने दस्ताबेजको अभाव रहेको सन्दर्भमा बारबर्दिया नगरपालिकाको विविध शैक्षिक विवरणहरु समेटिएको विभिन्न शैक्षिक तथ्याङ्कहरुको सङ्गालो मुद्रित सामग्रीको रुपमा **बारबर्दिया शिक्षा पार्श्वचित्र-२०७८** तयार गरिएको हो । यसको मुख्य उद्देश्य विद्यालयस्तरका शैक्षिक तथ्याङ्क तथा कार्यक्रमहरुको सरोकारवालाहरुलाई जानकारी गराउनु रहेको छ भने दोस्रो उद्देश्य बारबर्दिया नगरपालिकाको शैक्षिक विकासका लागि के कस्ता नीति तथा कार्यक्रमहरु सञ्चालन गर्न जरुरी छ भन्ने कुराको जानकारी पाउनु पनि हो ।

शैक्षिक क्रियाकलापहरूबारे पारदर्शिता, जवाफदेहीता र प्रभावकारिता कायम गर्दै शैक्षिक सुशासनमा टेवा पुग्ने अपेक्षा गरिएको छ । आगामी बन्न लागेको नगरपालिकाको दश वर्षीय नगर शिक्षा योजना निर्माण र कार्यान्वयनका लागि समेत बारबर्दिया शिक्षा पार्श्वचित्र-२०७८ ले महत्वपूर्ण सहयोग पुऱ्याउने देखिन्छ । यसबाट कार्यालयको कार्य सम्पादनमा सहजता आउने विश्वास समेत गरिएको छ ।

शिक्षा पार्श्वचित्र भित्र तिन वटा परिच्छेद तथा अनुसूची खण्डहरु रहेका छन् । पहिलो परिच्छेदमा बारबर्दिया नगरपालिकाको सामान्य परिचय उल्लेख गरिएको छ भने दोस्रो परिच्छेदमा नगरपालिकाको सिङ्गो शैक्षिक अवस्था प्रस्तुत गरिएको छ । त्यस्तै तेस्रो परिच्छेदमा बारबर्दिया नगरपालिकाको शैक्षिक तथ्याङ्कलाई प्रस्तुत गरिएको छ भने अन्तमा विभिन्न शैक्षिक विवरणहरुको अनुसूचीहरु समेत समेटिएका छन् । नगरपालिकाको कार्यालयमा रहेका विभिन्न सूचना एवम् तथ्याङ्कहरू, शिक्षा विकास तथा समन्वय इकाइ बर्दियाबाट विभिन्न समयमा प्रकाशित बुलेटिन एवम् शैक्षिक सूचनाहरू, तथ्याङ्क कार्यालय बर्दियाबाट प्रकाशित जिल्लाको वस्तुगत विवरण र विद्यालयस्तरबाट प्राप्त विवरण, शिक्षा तथा मानव स्रोत विकास केन्द्रको एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली **IEMIS** तथ्याङ्को सत्यापनका आधारमा यो सामग्री तयार गरिएको छ । यसको प्रकाशनका निम्ति सल्लाह सुझावसहित तथ्याङ्क समेत उपलब्ध गराउनु हुने शिक्षा विकास तथा समन्वय इकाइ, बर्दिया प्रमुख रेविका अमात्य एवम् EGRP जिल्ला संयोजक रामकृष्ण हुमागाईं अविस्मरणीय हुनुहुन्छ । यसले आगामी दश वर्षे नगर शिक्षा योजना निर्माणमा समेत टेवा पुग्ने आशा गरिएको छ । उल्लिखित सम्बद्ध पक्षहरूप्रति हार्दिक आभार प्रकट गर्दछु ।

यो पहिलो प्रकाशन हो । प्रस्तुत **बारबर्दिया शिक्षा पार्श्वचित्र** तयार गर्दा विवरण, नीतिगत प्रावधान तथा उपलब्ध सन्दर्भ सामग्रीहरुलाई तथ्यगत रुपमा राख्ने जमर्को गरिएको छ । तापनि पार्श्वचित्र सर्वरुपेण पूर्ण नहुन सक्छ । पाठकवर्गहरूबाट यस प्रकाशनमा रहेका कमजोरी एवम् त्रुटिहरू औँल्याई सल्लाह सुझावको अपेक्षा समेत राख्दछु । प्राप्त सुझावहरूका आधारमा आगामी प्रकाशन अझ बढी परिष्कृत हुनेछ भन्ने कुरामा विश्वस्त छु । पछिल्ला वर्षहरुमा समेत अझ व्यवस्थित रुपमा अद्यावधिक गरी नियमित पार्श्वचित्र प्रकाशन गर्दै लगिने छ ।

धन्यवाद ।

२०७८ असोज

टिकानाथ गोसाई

शाखा प्रमुख (अधिकृत स्तर आठौं)

शिक्षा, युवा तथा खेलकुद शाखा

विषय सूची


सङ्क्षिप्त ..... 10

**पहुँच** ..... 10

**गुणस्तर** ..... 12

**कक्षाकोठामा आधारित पठन सिप परीक्षण नतिजा (CB-EGRA)** ..... 12

**विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण (NARN and NASA)** ..... 12

**सक्षमता सूचकाङ्क** ..... 12

**शिक्षक तथा कक्षा सम्बन्धी सूचकाङ्क** ..... 13

**शिक्षण सिकाइ वातावरण** ..... 13

**समता** ..... 13

**सामाजिक समावेशी (सामुदायिक तथा संस्थागत विद्यालय )** ..... 14

**परिच्छेद-एक** ..... 14

**नगरपालिकाको सामान्य जानकारी** ..... 14

**१.१ भौगोलिक अवस्थाः** ..... 14

**१.२ जनसङ्ख्या** ..... 15

**१.३ उमेर समूहको आधारमा जनसङ्ख्या** ..... 16

**१.४ विद्यालय जाने उमेर समूहको जनसङ्ख्या** ..... 16

**१.५ विद्यालय बाहिर रहेको जनसङ्ख्या** ..... 16

**१.६ विकास र कल्याणकारी संस्थाहरू** ..... 16

परिच्छेद–२ (दुई) ..... 17

**नगरपालिकाको शैक्षिक अवस्था** ..... 17

**२.१ परिचयः** ..... 17

**२.२ दीर्घकालीन सोचः** ..... 18

**२.३ ध्येयः** ..... 18

**२.४ उद्देश्यः** ..... 18

**२.५ योजना तथा रणनीतिहरु** ..... 19

**२.६ अपेक्षित उपलब्धिहरुः** ..... 20

**२.७ बारबर्दिया नगरपालिकाले शिक्षामा गरेका असल अभ्यासहरुः** ..... 21

**२.८ बारबर्दिया नगरपालिकाका शिक्षाका चुनौतिहरु (Challenges):** ..... 23

**परिच्छेद-३(तिन)** ..... 25

**बारबर्दिया नगरपालिकाको शैक्षिक तथ्याङ्क** ..... 25

**३.१ नगरपालिकाको ५ वर्ष भन्दा माथिको साक्षरताको अवस्थाः** ..... 25

**३.२ तहगत रुपमा शैक्षिक संस्थाहरुको अवस्थाः** ..... 26

**३.३ विद्यालयमा कार्यरत तहगत शिक्षक विवरणः** ..... 26

**३.४ श्रेणीगत शिक्षक विवरणः** ..... 26

**३.५ शिक्षा क्षेत्रमा कार्यरत विकास तथा कल्याणकारी संस्थाहरु** ..... 26

**३.६ सामुदायिक सिकाइ केन्द्र सम्बन्धी विवरणः** ..... 26

**३.७ जम्मा विद्यार्थी भर्ना** ..... 27

३.७.१ सामुदायिक विद्यालयहरुमा विद्यार्थी भर्ना....27
३.७.२ निजी विद्यालयहरुमा विद्यार्थी भर्ना....28
३.८ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा भर्ना....28
३.९ विद्यालयमा भर्ना विवरण, २०७८....29
३.९.१ उमेरगत सामुदायिक विद्यालय भर्ना विवरण (जम्मा)....29
३.९.२ निजी विद्यालयमा उमेरगत भर्ना विवरण....30
३.९.३ अपाङ्ग विद्यार्थी भर्ना विवरण....30
३.१० शिक्षक....31
३.१०.१ तह तथा विद्यालयको प्रकारको आधारमा शिक्षकको विवरण....31
३.१०.२ सेवाको आधारमा सामुदायिक शिक्षकको विवरण....32
३.१०.३ भाषा/मातृभाषाको आधारमा शिक्षकको विवरण....32
३.१०.४ तालिम, प्रमुख विषय तथा शिक्षण विषयका आधारमा सामुदायिक शिक्षकको विवरण....33
३.१०.५ शिक्षकको शैक्षिक योग्यताको विवरण....34
३.१०.६ विषयगत रोष्टर शिक्षक....34
३.११ बारबर्दिया नगरपालिकाले आ.व.०७४/७५ देखि चालु आ.व.०७८/०७९ सम्म शिक्षामा गरेको लगानी विवरण....35
सूचकाङ्क....35
सामान्य सूचकाङ्क....35
उपलब्धि सूचकाङ्क....35
अनिवार्य विषयहरुमा विद्यार्थी उपलब्धि विवरण....36
अन्तिम परीक्षामा सम्मिलित सामुदायिक विद्यालयका विद्यार्थीहरु....36
अन्तिम परीक्षामा सम्मिलित निजी विद्यालयका विद्यार्थीहरु....37
सामुदायिक विद्यालय विद्यार्थी उपलब्धि विवरण (CGPA 1.65 अर्थात् ४० प्रतिशत भन्दा माथि मात्र)....37
निजी विद्यालय विद्यार्थी उपलब्धि विवरण (CGPA 1.65 अर्थात् ४० प्रतिशत भन्दा माथि मात्र)....37
कक्षाकोठामा आधारित प्रारम्भिक कक्षा पढाइ परीक्षण औसत उपलब्धि (CB-EGRA Average Score)....38
राष्ट्रिय परीक्षण....38
विद्यालयमा शिक्षण पद्धति....38
विद्यालयमा उपलब्ध भौतिक सुविधा (सामुदायिक विद्यालय मात्रै)....39
सामान्य विद्यालय अनुगमन तथा प्रारम्भिक कक्षा पढाइ कक्षा अवलोकन , २०७७....40
गत शैक्षिक सत्रमा विद्यालय सरोकारवालाहरुसँगको बैठक....40
छात्रवृत्ति....40
समुदाय परिचालन कार्यक्रमहरु हालसम्म....41
विद्यालय व्यवस्थापन समिति अनुदान (राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम कार्यान्वयन भएका जिल्लाहरु मात्र)....41
शिक्षासँग सम्बन्धित विभिन्न समिति तथा पालिका सम्पर्क व्यक्तिहरुको विवरण....41
अन्य कार्यक्रमहरु....42
स्रोतहरु....42

# सङ्क्षिप्त

## पहुँच

| जनसङ्ख्या | विद्यालय जाने उमेर समूह जनसङ्ख्या (प्रतिशतमा) | | | विद्यालय जाने उमेर समूह भर्ना विवरण (प्रतिशतमा) | | |
|---|---|---|---|---|---|---|
| | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष |
| ०-४ वर्ष | ५६१७ | २७२२ | २८९५ | ३०१९ | १४५० | १५६९ |
| ५-७ वर्ष | ३८७९ | १८५९ | २०२० | २६१४ | १३०९ | १३०५ |
| ८-१२ वर्ष | ६८८० | ३२८४ | ३५९५ | ६७७८ | ३२६२ | ३५१६ |
| १३-१६ वर्ष | ६२८८ | ३३१७ | २९७१ | ५४३९ | २७६५ | २६७४ |
| १७-१८ वर्ष | ३००२ | १६६० | १३४२ | १२१७ | ६९० | ५२७ |

स्रोत:IEMIS रिपोर्ट -२०७८/नगर प्रोफाइल -२०७६

| विद्यार्थी भर्ना | सामुदायिक (प्रतिशतमा) | | | | संस्थागत (प्रतिशतमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | छात्रा | छात्र | लैङ्गिक समता सूचकाङ्क (GPI1) | जम्मा | छात्रा | छात्र | लैङ्गिक समता सूचकाङ्क (GPI) |
| प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा | २११६ | १०४३ | १०७३ | ०.९७ | ९०३ | ४०७ | ४९६ | ०.८२ |
| प्रारम्भिक कक्षा (१-३) | ३४६७ | १७२५ | १७४२ | ०.९९ | १००० | ३८२ | ६१८ | ०.६२ |
| आधारभूत | | | | | | | | |
| कक्षा १-५ | ६०९६ | ३०५४ | ३०४२ | १.०० | १४६९ | ५६२ | ९०७ | ०.६२ |
| कक्षा ६-८ | ४४७३ | २१८५ | २२८८ | ०.९५ | २८५ | १०१ | १८४ | ०.५५ |
| माध्यमिक | | | | | | | | |
| कक्षा ९-१० | २९४० | १६२४ | १३१६ | १.२३ | ७४ | २७ | ४७ | ०.५७ |
| कक्षा ११-१२ | ११४१ | ७२६ | ४१५ | १.७५ | ० | ० | ० | |
| प्राविधिक माध्यमिक (कक्षा ९-१०) | ० | ० | ० | | | | | |
| उच्च शिक्षा | ४२८ | ३०९ | ११९ | २.५९ | | | | |
| प्राविधिक तथा व्यावसायिक शिक्षा तालिम | | | | | | | | |
| **TSLC2 १५ महिने (तह १)** | | | | | | | | |
| **TSLC १८ महिने (तह २)** | | | | | | | | |
| **TSLC २९ महिने (तह ३)** | १६० | ७५ | ८५ | ०.८८ | | | | |
| अन्य | | | | | | | | |

स्रोत:IEMIS रिपोर्ट -२०७८

1 Gender Parity Index

2 Technical School Leaving Certificate

| सूचकाङ्क | जम्मा | | | सामुदायिक | | | निजी | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र |
| प्रारम्भिक बाल शिक्षा तथा बाल विकास/पूर्व प्राथमिक शिक्षामा अनुभव लिई कक्षा १ मा नवप्रवेशीको प्रतिशत | ७७.९७ | ७८.६१ | ७०.७२ | ७३.६० | ७४.५३ | ७२.६९ | ९२.६१ | ९५.०० | ९०.२२ |
| प्रारम्भिक बालविकास शिक्षा ३-४ वर्ष GER | ११४.७ | ११४.३ | ११५.१ | - | - | - | - | - | - |
| कक्षा १ मा कुल नयाँ भर्ना दर (GIR3) | १०६.८ | १०६.१ | १०७.४ | सामुदायिक एवम् संस्थागत विद्यालयका उमेर समूहको जनसङ्ख्या एउटै भएको हुनाले  छुट्याउन नमिल्ने | | | | | |
| कक्षा १ मा खुद नयाँ भर्ना दर (NIR4) | ९८.८ | ९८.४ | ९९.२ | | | | | | |
| आधारभूत तहमा कुल भर्ना दर (GER5) | | | | - | - | - | - | - | - |
| कक्षा १-५ | १०५.१ | १००.७ | १०९.५ | - | - | - | - | - | - |
| कक्षा ६-८ | १०३.५ | १०८.१ | ९८.८ | - | - | - | - | - | - |
| कक्षा १-८ | १०४.३ | १०४.४ | १०४.२ | | - | - | - | - | - |
| आधारभूत तहमा खुद भर्ना दर (NER6) | | | | - | - | - | - | - | - |
| कक्षा १-५ | ९७.७ | ९७.३ | ९७.९ | - | - | - | - | - | - |
| कक्षा ६-८ | ९६.७ | ९९.४ | ९३.९ | - | - | - | - | - | - |
| कक्षा १-८ | ९७.१ | ९८.४ | ९५.९ | - | - | - | - | - | - |
| माध्यमिक तहमा कुल भर्ना दर (GER) | | | | - | - | - | - | - | - |
| कक्षा ९-१० | ८६.१ | ९२.५ | ७९.७ | - | - | - | - | - | - |
| कक्षा ११-१२ | ५५.४ | ५७.३ | ५३.४ | - | - | - | - | - | - |
| कक्षा ९-१२ | ७०.७ | ७४.९ | ६६.६ | - | - | - | - | - | - |
| माध्यमिक तहमा खुद भर्ना दर (NER) | | | | - | - | - | - | - | - |
| कक्षा ९-१० | ६५.३ | ६७.१ | ६३.५ | - | - | - | - | - | - |
| कक्षा ११-१२ | २८.७ | २५.८ | ३१.६ | - | - | - | - | - | - |
| कक्षा ९-१२ | ४७.० | ४६.५ | ४७.६ | - | - | - | - | - | - |
| ६+ उमेर समूहको साक्षरता दर | ९९.२० | - | - | - | - | - | - | - | - |
| १५+ उमेर समूहको साक्षरता दर | ९६.४२ | - | - | - | - | - | - | - | - |
| प्रारम्भिक कक्षा उमेरका (५-७ वर्ष) बालबालिकाहरु विद्यालय बाहिर रहेको जनसङ्ख्या प्रतिशत | - | - | - | | | | | | |
| आधारभूत तह उमेरका (५-१२ वर्ष) बालबालिकाहरु विद्यालय बाहिर रहेको जनसङ्ख्या प्रतिशत | - | - | - | | | | | | |

**स्रोत:IEMIS रिपोर्ट -२०७८ र नगर प्रोफाइल -२०७६**

3 Gross Intake Rate

4 Net Intake Rate

5 Gross Enrolment Rate

6 Net Enrolment Rate

## गुणस्तर

अनिवार्य विषयहरुको उपलब्धि विवरण (**CGPA7** १.६५ तथा माथि/उपलब्धि ४० प्रतिशत भन्दा माथि)

| शैक्षिक बर्ष/कक्षा | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | कक्षा ९ | कक्षा १० | **कक्षा ११** | कक्षा १२ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २०७५ | ६३.९१ | ६५.८६ | ६६.५८ | ५७.९० | ५९.२४ | ५५.३९ | ५६.३९ | ४७.१९ | ५३.७५ | २.१३ | १.८८ | २.०१ |
| २०७६ | ६६.०६ | ६८.९१ | ६८.९५ | ६०.७० | ६२.४३ | ५६.२४ | ५८.२४ | ५३.७९ | ५१.७५ | २.६५ | २.१६ | २.३१ |
| २०७७ | ७०.२६ | ७१.२३ | ७०.८८ | ६७.२२ | ६८.३२ | ६४.९४ | ६७.६५ | ६४.४९ | ६७.८३ | - | २.१८ | - |

**स्रोत:IEMIS रिपोर्ट -२०७८**

## कक्षाकोठामा आधारित पठन सिप परीक्षण नतिजा (CB-EGRA8)

| उप कार्य | कक्षा १ | | | कक्षा २ | | | कक्षा ३ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र |
| कुल | | | | | | | | | |
| १ अक्षर र मात्रा पहिचान | ८१ | | | ७८ | | | ७८ | | |
| २ शब्द र वाक्य पहिचान | ७४ | | | ७१ | | | ५२ | | |
| ३ शब्दार्थ | ७४ | | | ७० | | | ५९ | | |
| ४ श्रुति लेखन | ७२ | | | ३३ | | | ४५ | | |
| ५ श्रुति बोध | ६६ | | | ७५ | | | ७८ | | |
| ६ पठन बोध | ८१ | | | ५७ | | | ७३ | | |
| ७ पात्रो पठन | ७४ | | | ७० | | | ६१ | | |

**स्रोत:CB-EGRA 2077**

## विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण (NARN9 and NASA10)

| | नेपाली | | | गणित | | | विज्ञान | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र |
| कक्षा ३ | ५२ | ५४ | ५१ | ४५ | ४५ | ४५ | | | | | | |
| कक्षा ५ | ४५ | ४८ | ४६ | ४८ | ५० | ४८ | ४७ | ४७ | ४७ | | | |
| कक्षा ८ | ४८ | ४८ | ४८ | ३५ | ३३ | ३८ | ४१ | ३९ | ३४ | | | |
| कक्षा १० | | | | | | | | | | | | |

स्रोतः **NASA Report 2013,2015**

## सक्षमता सूचकाङ्क

| **सूचकाङ्कहरु** | **जम्मा** | | | **प्राथमिक तह** (कक्षा १-५) | | | **निम्न माध्यमिक तह** (कक्षा ६-८) | | | **माध्यमिक तह** (कक्षा ९-१०) | | | **उच्च माध्यमिक तह** (कक्षा ११-१२) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र |
| कक्षा ५ मा विद्यार्थी टिकाउ दर | ९३.६३ | ९२.३७ | ९४.७१ | ९१.२६ | ९०.७४ | ९१.७३ | ६०.३७ | ६०.३८ | ६०.३७ | ४९.६७ | ५०.७६ | ४८.२७ | - | - | - |
| कक्षा ८ मा विद्यार्थी टिकाउ दर | ८७.०७ | ८६.९६ | ८७.२० | - | - | - | - | - | - | - | - | - | - | - | - |
| कक्षा उत्तीर्ण दर | - | - | - | ९५.३५ | ९५.९६ | ९५.४९ | ९५.१५ | ९२.०७ | ९८.१३ | ९५.६२ | ९४.८५ | ९६.६२ | | | |
| कक्षा दोहोऱ्याउने दर | - | - | - | २.४७ | २.२८ | २.६३ | ०.४४ | ०.४५ | ०.४३ | ०.२३ | ०.३५ | ०.२३ | | | |
| कक्षा छोड्ने दर | - | - | - | १.५५ | १.६० | १.५१ | ७.०८ | ७.९३ | ६.२५ | ३.१५ | १.३४ | ५.४८ | | | |
| कक्षा ५ मा उत्तीर्ण भई कक्षा ६ मा भर्ना हुने विद्यार्थीको प्रतिशत | ८९.४५ | ८६.०३ | ९२.५९ | - | - | - | - | - | - | - | - | - | | | |

**स्रोत:**IEMIS **रिपोर्ट -२०७७/०७८**

---

7 Cumulative Gross Point Average

8 Classroom Based Early Grade Reading Assessment

9 National Assessment of Reading and Numeracy

10 National Assessment of Student Achievement

## शिक्षक तथा कक्षा सम्बन्धी सूचकाङ्क

| | बाल विकास | प्राथमिक (कक्षा १-५) | निम्न माध्यमिक (कक्षा ६-८) | माध्यमिक (कक्षा ९-१०) | उच्च माध्यमिक (कक्षा ११-१२) |
|---|---|---|---|---|---|
| १० दिने शिक्षक पेसागत तालिम प्राप्त शिक्षक सङ्ख्या | ० | १०० | २४ | २० | ० |
| १० दिने शिक्षक पेसागत तालिम प्राप्त महिला शिक्षक सङ्ख्या | ० | १५ | ५ | २ | ० |
| शिक्षक पेसागत तालिम प्राप्त कुल शिक्षक प्रतिशत (नेपाली) | | | ३ | ५ | |
| शिक्षक पेसागत तालिम प्राप्त महिला शिक्षक प्रतिशत (नेपाली) | | | १ | २ | |
| शिक्षक पेसागत तालिम प्राप्त कुल शिक्षक प्रतिशत (गणित) | | | ३ | २ | |
| शिक्षक पेसागत तालिम प्राप्त महिला शिक्षक प्रतिशत (गणित) | | | १ | ० | |
| शिक्षक पेसागत तालिम प्राप्त कुल शिक्षक प्रतिशत (अङ्ग्रेजी) | | | ८ | ४ | |
| शिक्षक पेसागत तालिम प्राप्त महिला शिक्षक प्रतिशत (अङ्ग्रेजी) | | | २ | ० | |
| शिक्षक पेसागत तालिम प्राप्त कुल शिक्षक प्रतिशत (विज्ञान) | | | ४ | ५ | |
| शिक्षक पेसागत तालिम प्राप्त महिला शिक्षक प्रतिशत (विज्ञान) | | | ० | ० | |
| शिक्षक पेसागत तालिम प्राप्त कुल शिक्षक प्रतिशत (सामाजिक) | | | ६ | ३ | |
| शिक्षक पेसागत तालिम प्राप्त महिला शिक्षक प्रतिशत (सामाजिक) | | | १ | ० | |
| शिक्षक पेसागत तालिम प्राप्त कुल शिक्षक प्रतिशत (लेखा) | | | ० | १ | |
| शिक्षक पेसागत तालिम प्राप्त महिला शिक्षक प्रतिशत (लेखा) | | | ० | ० | |
| ५ दिने पुनर्ताजगी तालिम प्राप्त शिक्षक सङ्ख्या | ९६ | १०० | २४ | २० | |
| ५ दिने पुनर्ताजगी तालिम प्राप्त महिला शिक्षक सङ्ख्या | ९५ | १५ | ५ | २ | |
| प्रारम्भिक कक्षा पढाइ तालिम प्राप्त शिक्षक प्रतिशत | | १००.०० | | | |
| प्रारम्भिक कक्षा पढाइ तालिम लिई प्रारम्भिक कक्षामा नेपाली पढाइ राख्नु भएको शिक्षक प्रतिशत | | | | | |
| विद्यार्थी शिक्षक अनुपात (सामुदायिक विद्यालय मात्रै) | २२.०४ | ३२.७७ | ८१.३२ | ९१.८७ | १२९.१ |
| कक्षा विद्यार्थी औसत अनुपात (सामुदायिक विद्यालय मात्रै) | २२.०४ | ३२.७७ | ६१.७९ | १०४.७५ | ७८.०८ |

**स्रोत:बारबर्दिया न. पा. शैक्षिक बुलेटिन -२०७७**

## शिक्षण सिकाइ वातावरण

| | बाल विकास | प्रारम्भिक कक्षा (कक्षा १-३) | प्राथमिक (कक्षा १-५) | निम्न माध्यमिक (कक्षा ६-८) | माध्यमिक (कक्षा ९-१०) | उच्च माध्यमिक (कक्षा ११-१२) | जम्मा |
|---|---|---|---|---|---|---|---|
| जम्मा छापामय कक्षा | ९६ | २ | २५ | ० | ० | ० | ११६ |
| पढाइ कुना (कम्तिमा ५० किताब सङ्ख्या भएको) | ९६ | २ | १८ | १० | ८ | ६ | १४० |
| पुस्तकालय | ० | ० | ० | ६ | ६ | ६ | १८ |
| शिक्षण सिकाइको लागि कम्प्युटर प्रयोगशाला | ० | ० | ० | २ | ८ | ६ | १६ |
| शिक्षण सिकाइको लागि विज्ञान प्रयोगशाला | ० | ० | ० | ० | ५ | ४ | ९ |
| **Multimedia** सुविधा | ० | ० | ० | २ | ८ | ६ | १६ |
| **Interactive Board** | | | | | २ | २ | ४ |

## समता

| अपाङ्गता | शारीरिक | बौद्धिकता | बहिरा | दृष्टिविहीन | कमजोर दृष्टि | बहिरा र दृष्टिविहीन | दृष्टि र बोलाइ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| अपाङ्ग विद्यार्थीका लागि स्रोत कक्षाहरु | - | - | - | - | - | - | - | - |
| स्रोत कक्षाहरुमा स्रोत शिक्षकहरुको उपलब्धता | - | - | - | - | - | - | - | - |
| स्रोत कक्षाहरुमा स्रोत सामग्रीहरुको उपलब्धता | - | - | - | - | - | - | - | - |

| भाषा | # |
|---|---|
| स्थानीय भाषाको माध्यमबाट शिक्षण गरिने विद्यालय सङ्ख्या | ० |
| नेपाली भाषाको माध्यमबाट शिक्षण गरिने विद्यालय सङ्ख्या | ५७ |
| अङ्ग्रेजी भाषाको माध्यमबाट शिक्षण गरिने विद्यालय सङ्ख्या | १५ संस्थागत विद्यालयहरु |
| आधारभूत तहमा स्थानीय भाषालाई द्विभाषीको रुपमा प्रयोग गरिने कक्षाहरु | ० |

## सामाजिक समावेशी (सामुदायिक तथा संस्थागत विद्यालय )

| | प्रारम्भिक बाल विकास | | प्राथमिक (कक्षा १-५) | | आधारभूत (कक्षा ६-८) | | माध्यमिक(९-१०) | | उच्च शिक्षा(११-१२) | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र |
| भर्ना प्रतिशत | ४८.०२ | ५१.९८ | ४७.८० | ५२.२० | ४७.२० | ५१.८० | ५४.७७ | ४५.२२ | ६३.६२ | ३६.३८ |
| अपाङ्ग विद्यार्थी प्रतिशत | ०.१९ | ०.०६ | ०.२६ | ०.४१ | ०.३३ | ०.४२ | ०.४९ | ०.३३ | ०.३५ | - |
| जनजाति विद्यार्थी प्रतिशत | ३६.६२ | ३८.१६ | ३४.४५ | ३६.८१ | ३३.६३ | ३७.०९ | ४०.३४ | ३१.३८ | ५०.६५ | २७.०८ |
| दलित विद्यार्थी प्रतिशत | ३.८४ | ५.२३ | ५.५३ | ५.५९ | ५.२७ | ५.५५ | ४.६७ | ४.०८ | ३.१५ | २.८० |
| ब्राह्मण/क्षेत्री विद्यार्थी प्रतिशत | ६.३३ | ७.०२ | ६.८३ | ८.५३ | ८.०५ | ८.१५ | ८.८६ | ८.८६ | ८.८६ | ८.८७ |
| अन्य विद्यार्थी प्रतिशत | १.२९ | १.५६ | ०.९९ | १.२७ | १.०९ | १.१५ | ०.८९ | ०.८९ | १.०५ | ०.६१ |

**स्रोत:IEMIS रिपोर्ट -२०७८**

# परिच्छेद-एक
# नगरपालिकाको सामान्य जानकारी

## १.१ भौगोलिक अवस्था:

| विशेषताहरु | |
|---|---|
| **बारबर्दिया नगरपालिकाको सङ्क्षिप्त परिचय:** | बहुल जाति,भाषा,धर्म,कला र संस्कृतिले सजिएको **बारबर्दिया नगरपालिका** बर्दिया जिल्ला सदरमुकाम गुलरिया बर्दियाबाट लगभग १३ किलोमिटर टाढा उत्तर दिशातिर पर्ने रमणीय थारु समुदायले भरिपूर्ण भएको बस्तीको नाम हो । यस नगरपालिका क्षेत्रको नाम **"बारबर्दिया"** किन रहन गयो भन्ने बिषयमा एकमत देखिंदैन । तर **"बारबर्दिया"** नगरपालिकाको ऐतिहासिक पृष्ठभूमि हो । स्थानीय थारु भाषामा गाई/गोरुलाई वलिबर्द भनिन्छ । ऐश्वर्य र समृद्धिको प्रतिकका रुपमा रहेको गोरुलाई संस्कृत भाषामा पनि वलिबर्द भनिन्छ । कालान्तरमा वलिबर्द अपभ्रंस भएर बर्दिया जिल्लाको नामाकरण भएको जन विश्वास रहेको छ । बारबर्दिया शब्द थारु समुदायको बाह्र जना बर्दिवाहरु (ग्वालाहरु) सँग सम्बन्धित रहेको भन्ने जनविश्वास रहेको छ । जस अनुसार धेरै वर्ष पहिले यस क्षेत्रमा थारु समुदायको बाह्र जना बर्दिवाहरु गाई, गोरु चराउन जङ्गलमा गए र देउतालाई बलि दिने भनी नाटक गर्दा दश जना बर्दिवाहरु लोप भए । बाँकी दुई जना बर्दिवाहरु गाउँलेको डरले आ-आफ्नो घाँटी रेटी मृत्यु वरण गरे । बाह्र जना बर्दिवाहरु मरेको उक्त स्थानमा गाउँलेहरु बरहो बरदिया मण्डप निर्माण गरी पुजापाठ गर्न थाले । यस नगरपालिकाको वडा नं ५ मा रहेको ऐतिहासिक, साँस्कृतिक धरोहरको रुपमा रहेको बरहो बरदिया (बारबर्दिया) मण्डपकै नामलाई आधार मानी स्थानीय समुदायको माग बमोजिम नै नगरपालिकाको नाम बारबर्दिया नामाकरण हुन गएको हो भन्ने स्थानीयहरुको भनाइ रहेको छ । |
| पालिकाको क्षेत्रफल (कि.मि.) | २२६.४६ वर्ग कि.मि. |
| स्थान: | अक्षांश २८°१३'१५" देखि २८°२५'२४"<br>देशान्तर: ८१°१७'८८" देखि ८१°२९'१९"<br>नगरपालिकाको पूर्वमा: बाँसगढी नगरपालिका,बर्दिया ।<br>नगरपालिकाको पश्चिममा: मधुवन नगरपालिका, बर्दिया ।<br>नगरपालिकाको उत्तरमा: बर्दिया राष्ट्रिय निकुञ्ज र ठाकुरबाबा नगरपालिका बर्दिया ।<br>नगरपालिकाको दक्षिणमा: गुलरिया नगरपालिका, बर्दिया । |
| समुद्री सतहदेखि उचाइ: | १३० मिटर देखि २१० मिटर |
| प्रशासनिक विभाजन | |
| जम्मा वडा सङ्ख्या | ११ वटा (वडा नं. १ जमुनिया, वडा नं. कुमरागाउँ, वडा नं. ३ बनियाभार, वडा नं. ४ पदनाहा, वडा नं. ५ बन्घुस्री, वडा नं. ६ जयनगर, वडा नं.७ सिउनिया, वडा नं. ८ दुध्धा, वडा नं.९कतर्निया, वडा नं.१० वैदी र वडा नं. ११ बेल्भार) |
| जम्मा विद्यालयहरु | ५७ वटा (४२ वटा सामुदायिक, १५ वटा संस्थागत) |
| जम्मा स्वास्थ्य संस्थाहरु | ११ वटा (१ वटा २५ सैयाको अस्पताल,३ वटा स्वास्थ्य चौकी र ७ वटा सामुदायिक स्यास्थ्य केन्द्र) |
| जम्मा बालविकास केन्द्रहरु | ९६ वटा (९६ वटा तत्कालीन जिल्ला शिक्षा कार्यालयको कोटा) |
| सामुदायिक सिकाइ केन्द्रहरु | २ वटा (दुर्गा भवानी सामुदायिक सिकाइ केन्द्र र पदनाहा सामुदायिक सिकाइ केन्द्र) |
| क्याम्पसहरु | २ वटा (सदाशिव बहुमुखी क्याम्पस, जयनगर र जनसेवा बहुमुखी क्याम्पस, बैदी) |
| बहु प्राविधिक शिक्षालय | १ वटा (सहिद विष्णु धनि स्मृति बहुप्राविधिक शिक्षालय, जयनगर) |

| | |
|---|---|
| नमुना विद्यालय | १ वटा (श्री पाञ्जजन्य माध्यमिक विद्यालय बारबर्दिया नगरपालिका वडा नं.४ पदनाहा |
| ठूला विद्यालय | १ वटा (श्री युवक माध्यमिक विद्यालय बारबर्दिया नगरपालिका वडा नं.२, जोगिगाउँ |
| प्राविधिक शिक्षालय सञ्चालित विद्यालयहरु | २ वटा (श्री पाञ्चजन्य माध्यमिक विद्यालय बारबर्दिया नगरपालिका वडा नं.४,पदनाहा र श्री जनसेवा माध्यमिक विद्यालय बारबर्दिया नगरपालिका वडा नं.१०, वैदी) |

## १.२ जनसङ्ख्या

| विवरण | सङ्ख्या | महिला प्रतिशत |
|---|---|---|
| जम्मा जनसङ्ख्या | ७०९०४ | ५३.४०% |
| लिङ्गको आधारमा | | |
| महिला | ३७८६४ | ५३.४०% |
| पुरुष | ३३०३८ | ४६.५९% |
| जातियताको आधारमा | | |
| थारु | ५१२४२ | ७२.२७% |
| क्षेत्री | ६४७३ | ९.१३% |
| ब्राह्मण पहाडी | ३७४३ | ५.२८% |
| मगर | १९३४ | २.७३% |
| कामी | १५४९ | २.१८% |
| दमाई/ ढोली | १२४६ | १.७६% |
| सुनार | ६०५ | ०.८५% |
| सार्की | ५४१ | ०.७६% |
| ठकुरी | ५१५ | ०.७३% |
| अन्य दलित | ४४६ | ०.६३% |
| सन्यासी/ दशनामी | ३३६ | ०.४७% |
| राजी | ३२३ | ०.४६% |
| अन्य | १९०१ | २.६८% |
| थाहा नभएको | ५० | ०.०७% |
| मातृभाषाको आधारमा | | |
| १. थारु | ५०४०५ | ७१.०९ |
| २. नेपाली | १९१९४ | २७.०७ |
| ३. मगर | २९० | ०.४१ |
| ४. राजी | २०४ | ०.२९ |
| ५. थाहा नभएको | १९० | ०.२७ |
| ६. अवधी | ९६ | ०.१४ |
| ७. हिन्दी | ६६ | ०.०९ |
| ८. तामाङ | ६५ | ०.०९ |
| ९. मैथिली | ३८ | ०.०५ |
| १०. बैतडेली | ३४ | ०.०५ |
| ११. अन्य | ८६ | ०.१२ |
| १२. उल्लेख नगरिएको | २३६ | ०.३३ |
| समावेशीताको आधारमा | | |
| अपाङ्गता | १५१८ | २.१४% |
| सीमान्तकृत / लोपोन्मुख | ३२७ | ०.४६% |
| पारिवारिक विवरण | | |
| जम्मा घरपरिवार सङ्ख्या | १५७३४ | |
| महिला घरमुली परिवार सङ्ख्या | २७४५ | |
| शहीद परिवार सङ्ख्या | ८४ | |
| अन्य | - | |
| परिवारको औसत आकार | ४.५१ | |
| लैङ्गिक अनुपात | ८७.२५ | |
| जनघनत्व | ३१३.७३ प्रति व.मि. | |

स्रोतःनगर **प्रोफाइल** -२०७६

## १.३ उमेर समूहको आधारमा जनसङ्ख्या

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| जम्मा | ७०९०४ | |
| महिला | ३७८६४ | |
| पुरुष | ३३०३८ | |
| अन्य | २ | |
| ६+ उमेर | १३८९३ | |
| महिला | ६८१८ | |
| पुरुष | ७०७४ | |
| अन्य | १ | |
| १५+ उमेर | ५११६० | |
| महिला | २८२०० | |
| पुरुष | २२९६० | |
| अन्य | ० | |
| १५-४५ उमेर | ३५६८६ | |
| महिला | २०३७२ | |
| पुरुष | १५३१४ | |
| अन्य | ० | |

स्रोतः**नगर प्रोफाइल -२०७६**

## १.४ विद्यालय जाने उमेर समूहको जनसङ्ख्या

| जनसङ्ख्या | विद्यालय जाने उमेर समूह जनसङ्ख्या | | | कैफियत |
|---|---|---|---|---|
| | जम्मा | छात्रा | छात्र | |
| ३-४ वर्ष | २३६५ | ११६१ | १२०४ | |
| ५-७ वर्ष | ३८७९ | १८५९ | २०२० | |
| ८-१२ वर्ष | ६८८० | ३२८४ | ३५९५ | |
| १३-१६ वर्ष | ६२८८ | ३३१७ | २९७१ | |
| १७-१८ वर्ष | ३००२ | १६६० | १३४२ | |

**स्रोत:IEMIS रिपोर्ट-२०७८**

## १.५ विद्यालय बाहिर रहेको जनसङ्ख्या

| जनसङ्ख्या | विद्यालय जाने उमेर समूह जनसङ्ख्या | | | कैफियत |
|---|---|---|---|---|
| | जम्मा | छात्रा | छात्र | |
| ३-४ वर्ष | - | - | - | - |
| ५-७ वर्ष | | | | |
| ८-१२ वर्ष | | | | |
| १३-१६ वर्ष | | | | |
| १७-१८ वर्ष | | | | |

***नोटः विद्यालय उमेर समूहका सबै बालबालिकाहरु विद्यालयमा भर्ना भइ सकेका र तत्कालीन माननीय शिक्षा मन्त्री गिरिराजमणि प्रोख्रेल ज्यूबाट मिति २०७५/३/२८गते देशकै पहिलो अनिवार्य आभारभूत शिक्षा सुनिश्चितता घोषणा गरिएको नगरपालिका भएको।***

## १.६ विकास र कल्याणकारी संस्थाहरू

| संस्थाको नाम | (समुदायमा आधारित संस्था, गै.स.स., क्लब,) | कार्य क्षेत्र (शिक्षा, स्वास्थ्य) | लक्षित समूह | कार्यान्वयन अवधि | सम्पर्क व्यक्ति | सम्पर्क नं | लिङ्क |
|---|---|---|---|---|---|---|---|
| SAC-NEPAL | NGOs | शिक्षा, स्वास्थ्य, बालसंरक्षण र विपद् व्यवस्थापन | बालबालिकाहरु, अभिभावक, शिक्षक | २०२१July-२०२२ Jun | लक्ष्मी प्रसाद शर्मा | ९८५८०२८८५१ | laxmisharmamanikapur@gmail.com |

| संस्थाको नाम | (समुदायमा आधारित संस्था, गै.स.स., क्लब,) | कार्य क्षेत्र (शिक्षा, स्वास्थ्य) | लक्षित समूह | कार्यान्वयन अवधि | सम्पर्क व्यक्ति | सम्पर्क नं | लिङ्क |
|---|---|---|---|---|---|---|---|
| प्लान इन्टर नेशनल नेपाल | INGOs | शिक्षा स्वास्थ्य | बालबालिकाहरु, अपाङ्ग व्यक्तिहरु | २०२०AD-२०२२AD | वेद प्रसाद डाँगी | ९८६८०८४७९० | bedprasad.dangi@plan-inernational.org.international.org |
| गेरुवा जनजागरण बर्दिया | NGOs | शिक्षा, स्वास्थ्य,कृषि र विपद | बालबालिकाहरु, महिला, दलित, जनजाति | २०२०AD-२०२१AD | रामरुप कौशल | ९८५८०२७९५४ | ramrup.geruwa@gmail.com |
| EGRP | NGOs | शिक्षा | बालिका शिक्षा कार्यक्रम | २०२१AD-२०२५AD | रामकृष्ण हुमागाई | ९८४१६४९५१८ | humagainrk@gmail.com |
| युनेस्को क्लव बाँके | NGOs | शिक्षा | विद्यार्थी | २०१४AD-२०२२AD | सन्त चौधरी | ९८५८०२६२९३ | shantkchaudhari@gmail.com |
| थारु महिला उत्थान केन्द्र | NGOs | खानेपानी तथा सरसफाइ, भौतिक पूर्वाधार,शिक्षा | सेवा क्षेत्र भित्रका सम्पूर्ण मानव समुदाय | २०२१AD-२०२२AD | निर्मला रिजाल | ९८४३४२०९६३ | hno.adhartwuc@gmail.com |
| B Group Banke | NGOs | – | – | – | दिनेश चौधरी | ९८४८०२२४९३ | mailfordinesh@gmail.com |
| DW Nepal | NGOs | – | – | – | जयराम चौधरी | ९८४८०५७०५५ | – |
| एनजिओ महासंघ बर्दिया | NGOs | – | – | – | लक्ष्मण घिमिरे | ९८४८०३८९८५ | – |
| सिडियो नेपाल | NGOs | – | – | – | मानविर विश्वकर्मा | ९८४८२३८३२० | – |
| गुड नेभर | NGOs | – | – | – | तेज शर्मा | ९८४९१२३४७८ | – |

# परिच्छेद–२ (दुई)

## नगरपालिकाको शैक्षिक अवस्था

### २.१ परिचयः

विद्यालय क्षेत्रको समग्र विकासका लागि नेपाल सरकारले विद्यालय शिक्षामा सबैको समतामूलक पहुँच सुनिश्चित गर्नुका साथै गुणस्तर सुधारका निमित्त विगतमा सात वर्षे विद्यालय क्षेत्र सुधार योजना कार्यान्वयनमा ल्याएको थियो । यस योजनाबाट प्राप्त उपलब्धिलाई संस्थागत गर्न र विद्यालय शिक्षाका विविध सकारात्मक प्रयासहरूलाई निरन्तरता दिन तथा शिक्षाका नवीन कार्यक्रमहरूको प्रस्तावसहित २०७३ साउनदेखि २०८० असार (सन् २०१६ जुलाईदेखि २०२३ जुलाई) सम्मको सात वर्षे विद्यालय क्षेत्र विकास योजना निर्माण गरिएको छ । योजनाको प्रथम पाँच वर्ष २०७३ साउनदेखि २०७८ असार (सन् २०१६ देखि २०२१) सम्मका लागि स्रोतसहितको कार्ययोजना तयार गरिएको छ । वि.सं. २०७९ (सन् २०२२) सम्ममा नेपाललाई विकासशील राष्ट्रका रूपमा स्तरोन्नति गर्ने राष्ट्रिय दूरदृष्टिलाई आत्मसात् गर्दै शिक्षा मन्त्रालयको नेतृत्वमा सहभागितामूलक पद्धतिबाट यस योजनाको तर्जुमा गरिएको हो । दिगो विकासका लक्ष्य हासिल गरी वि.सं. २०८७ (सन् २०३०) सम्ममा नेपाललाई मध्यम आय भएको मुलुकको स्तरमा रूपान्तरणको लक्ष्य हासिल गर्ने महत्वपूर्ण साधनका रूपमा पनि यस योजनालाई हेरिएको छ । साबिकका उपलब्धि, सिकिएका पाठहरू तथा सबैका लागि शिक्षाको राष्ट्रिय कार्ययोजना (सन् २००१–२०१५) अन्तर्गत सञ्चालन गरिएका सबैका लागि शिक्षा कार्यक्रम (सन् २००४–२००९) र विद्यालय क्षेत्र सुधार कार्यक्रम (सन् २००९–२०१६) का एकीकृत कार्यसूचीहरू यस योजनाका प्रमुख मार्गदर्शक हुन् । सिकाइको वातावरण, पाठ्यक्रम, शिक्षण–सिकाइ सामग्री (पाठ्यपुस्तक लगायत), विधि, मूल्याङ्कन तथा परीक्षाको सान्दर्भिकता तथा गुणस्तरीयतामा अभिवृद्धि गराई विद्यार्थीको सिकाइमा सुधार सुनिश्चित गर्न, समग्रतामा सिकाइ वातावरण तथा शिक्षण–सिकाइ पद्धतिका न्यूनतम र सर्वस्वीकार्य मापदण्ड स्थापित गरी सुशासन तथा व्यवस्थापकीय सक्षमताको सुदृढीकरणबाट विद्यालय क्षेत्रलाई स्थानीय सरकारप्रति उत्तरदायी बनाउन, पहिचान भएका आवश्यकता तथा सङ्घीय स्वरूपलाई ध्यानमा राख्दै शिक्षा क्षेत्रको राजनीतिक तथा प्रशासनिक पुनर्संरचना गर्दै सङ्घीय, प्रान्तीय एवम् स्थानीय तह बीच लागत साझेदारीको अवधारणा अनुरूप दिगो र सुदृढ आर्थिक व्यवस्थापन सुनिश्चित गर्न, विद्यालयहरूलाई द्वन्द्वबाट सुरक्षित भएको सुनिश्चित गर्नु विद्यालय तहको विपत् व्यवस्थापन तथा विद्यालय, विद्यार्थी, शिक्षक एवम् समुदाय बीच सहकार्य र सौहार्दता अभिवृद्धि गरी बृहत् विद्यालय सुरक्षा तथा विपत् जोखिम न्यूनीकरण

शिक्षालाई समग्रतामा मूलप्रवाहीकरण गर्न, नेपालको संविधानले सबैका लागि निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा सुनिश्चित गर्न र निःशुल्क माध्यमिक शिक्षा प्रदान गर्न प्रत्याभूत गरेको सन्दर्भमा शिक्षा क्षेत्रको व्यवस्थापन एवम् सेवा प्रवाह प्रणालीको पुनरावलोकन एवम् परिमार्जन गरी सङ्घीय शासन प्रणाली अनुरुप तिनै तहका सरकारहरुको आवश्यक क्षमता विकास तथा स्पष्ट कार्यदिशा सहितको देश तथा ठाउँ विशेषको आवश्यकतालाई सम्बोधन गर्ने माटो सुहाउँदो शिक्षा योजना निर्माण तथा शैक्षिक जनशक्ति विकासमा जोड दिनु नितान्त आवश्यक छ। संविधानले स्थानीय तहहरूको अधिकार वृद्धि गरेको हुँदा समग्र शिक्षा प्रणालीको विकासका लागि स्थानीय शिक्षा योजना निर्माण र कार्यान्वयनमा जोड दिनु अत्यावश्यक छ।

शिक्षा मानव विकास र समाज विकासको मुख्य आधार एवम् मानवअधिकारको विषय हो। हाल विद्यालय शिक्षा सबैको प्राथमिकतामा पर्दै चासो र चिन्ताको विषय पनि बनेको छ। हाम्रो बारबर्दिया नगरपालिका पनि यसबाट अछुतो रहेको छैन। वर्तमान नेपालको संविधानले पनि शिक्षालाई मौलिक हकको रुपमा उल्लेख गरी अनिवार्य तथा निःशुल्क विद्यालय शिक्षा सुनिश्चित गरेको छ। यसरी संविधानले सुनिश्चित गरेका शिक्षा सम्बन्धी मौलिक हकलाई आत्मसात् गरी कार्यान्वयन गर्ने जिम्मेवारी तथा दायित्व सङ्घ, प्रदेश र स्थानीय तहका सरकारको रहेको छ। यो सँगै नेपाल सरकारले इन्चोन घोषणामा हस्ताक्षर गरी नेपालको सार्वजनिक शिक्षा सुदृढीकरण गर्ने प्रतिबद्धता पनि जनाएको छ। तर सीमित स्रोतसाधन र असीमित आवश्यकताले गर्दा बारबर्दिया नगरपालिकाले यी सबै कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनलाई चुनौतीको रुपमा लिई रहेको छ। यसका लागि अन्य स्थानीय तह प्रदेश तथा सङ्घीय सरकार र सहयोगी सङ्घसंस्थाहरूसँग निरन्तर समन्वय गरी आवश्यक सहयोग जुटाउन समेत नगरपालिका प्रयासरत रहेको छ। वर्तमान शिक्षा प्रणालीका शिक्षक, विद्यार्थी, व्यवस्थापन, प्रशासन, नेतृत्व, पाठ्यक्रम, पाठ्यपुस्तक, लगानी, पठनपाठन प्रक्रिया, मूल्याङ्कन प्रणाली, शिक्षामा राजनीतिकरण, शिक्षा क्षेत्रको जनशक्तिहरुको क्षमता विकास, शिक्षा क्षेत्रमा जनशक्तिको प्रवेशदेखि अवकाससम्मका विभिन्न पक्षहरुमा विगतमा हामीले धेरैथोरै आलोचना गऱ्यौं र गर्दै पनि छौँ। जसले आगामी दिनमा शिक्षाको गुणस्तरमा अभिवृद्धि हुने देखिन्छ। यसैबीच संविधानको अनुसूची ८ अनुसार स्थानीय सरकारलाई प्रारम्भिक बालविकास शिक्षा,अनौपचारिक शिक्षा, आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षाको जिम्मेवारी दिइएको छ। यसैमा प्रादेशिक तथा सङ्घीय सरकारलाई उच्च शिक्षाको जिम्मेवारी तोकिएको छ। प्राविधिक तथा व्यावसायिक शिक्षा स्थानीय, प्रदेश एवम् सङ्घीय सरकारको साझा जिम्मेवारीमा रहेको छ। यस स्थितिमा नेपालको शिक्षालाई कसरी व्यावहारिक प्रतिस्पर्धी वैज्ञानिक, रोजगार उन्मुख, गुणस्तरीय, जनमुखी, जीवनोपयोगी,समालोचकीय क्षमतासहितको अनुसन्धानमूलक, एवम् पूर्वीय दर्शन तथा ज्ञानलाई आत्मसात् गर्दै यस बारबर्दिया नगरपालिकाका विविध कला, संस्कृति, ज्ञान, सिप, प्रविधि, धार्मिक तथा जनज्ञान आदिसँग जोड्दै पश्चिमी प्रविधि, ज्ञान तथा सिपको पनि भरपुर प्रयोग गर्नसक्ने विद्यार्थी उत्पादन गर्ने भन्ने जिम्मेवारी हाम्रो काँधमा आएको छ। स्वदेश तथा विदेश जहाँ रहेका भए पनि यस नगरपालिकाका बालबालिका तथा युवाहरूको आजीवन शिक्षा पाउने हक सुनिश्चित गर्न पनि उत्तिकै जरुरी छ। राज्यको पुनर्संरचना तथा विकेन्द्रीकरणको अवधारणा अनुसार आफ्नो सेवाक्षेत्रको शिक्षाको विकास आफै गरौँ भन्ने उद्देश्यले स्थानीय तहमा रहेर शिक्षाको गुणस्तर वृद्धि गर्दै विद्यालयको समग्र पक्षको सुधार, विद्यालय शिक्षामा लगानी तथा गुणस्तर कायम गर्न विद्यालय सुधार योजना (SIP) ले उल्लेखनीय भूमिका खेलेको हुन्छ। तसर्थ नगरपालिका भित्रका सम्पूर्ण सामुदायिक विद्यालयहरूको विद्यालय सुधार योजना तयार गरी कार्यान्वयनमा ल्याएको अवस्था रहेको छ। विद्यालयहरुले निर्माण गरी कार्यान्वयन गरिरहेका विद्यालय सुधार योजनाको विश्लेषण, पटक–पटक नगरपालिका, शिक्षा युवा तथा खेलकुद शाखा तथा निर्वाचित जनप्रतिनिधिहरुबाट गरिएका स्थलगत अनुगमन निरीक्षण गर्दा त्यसबाट देखिएका नतिजा तथा विद्यालयहरुले शैक्षिक सत्रको सुरु र अन्तिममा भर्ने IEMIS मा अद्यावधिक गरिएका शैक्षिक तथ्याङ्कमा आधारित भएर यो **बारबर्दिया शिक्षा पार्श्व चित्र–२०७८** तयार गरिएको छ।

## २.२ दीर्घकालीन सोचः

**"हाम्रो बारबर्दिया नगरपालिकाको शैक्षिक प्रतिबद्धताः गुणस्तरीय शिक्षामार्फत सुख, शान्ति, समृद्धि र आत्मनिर्भरता"**

## २.३ ध्येयः

गुणस्तरीय शिक्षाको माध्यमबाट विश्वबजारमा समेत प्रतिष्पर्धा गर्न सक्ने दक्ष, सक्षम र सीपयुक्त, श्रम र उत्पादनका साथै व्यक्तिगत र राष्ट्रिय जीवनप्रति सकारात्मक एवम् मानवमूल्यमा आधारित उन्नत सोच भएको तथा आफू बारबर्दिया नगरबासी भएकोमा गर्व गर्ने खुसी तथा नवपर्वतनशील जनशक्तिको विकास गर्ने।

## २.४ उद्देश्यः

- ❖ सार्वजनिक तथा निजी शैक्षिक क्षेत्रका विद्यमान असल अभ्यासलाई सम्मिलन गर्दै निजी लगानीका शिक्षण संस्थाहरुको प्रभावकारी परिचालन, नियमन एवम् सार्वजनिक शिक्षा प्रणालीको रुपान्तरणको प्रक्रियामा सबलीकरण गर्नु ,
- ❖ सार्वजनिक शिक्षालाई संस्थागत विद्यालयहरुले दिने शिक्षाको तुलनामा गुणस्तरीय बनाई नागरिक समाजको सार्वजनिक शिक्षा प्रतिको आकर्षणमा अभिवृद्धि गर्नु ,
- ❖ ज्ञानमा आधारित समाज र अर्थतन्त्र निर्माणका लागि उच्च शिक्षाको माध्यमबाट विभिन्न क्षेत्रहरुमा सक्षम नेतृत्व प्रदान गर्न सक्ने योग्य, दक्ष, वैज्ञानिक, नवप्रवर्तनात्मक, प्रतिष्पर्धी, प्रतिबद्ध र अनुसन्धानमुखी मानव संशाधन विकास गर्न सहयोग पुऱ्याउनु ,
- ❖ नगरपालिकामा विद्यमान सम्भाव्य स्रोत र साधनहरुको उत्खनन् र अन्वेषण गरी नगरबासीको सुख र समृद्धिका लागि उपयोग गर्ने गरी उच्च शिक्षालाई वैज्ञानिक र अनुसन्धानमूलक बनाउन सहयोग गर्नु ,
- ❖ प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका अवसरहरुलाई व्यापक विस्तार गरी सबै इच्छुक नागरिकहरुका लागि समावेशी एवं समतामूलक पहुँच स्थापित गर्दै नगरपालिकाको विकासका लागि योग्य, सक्षम, सीपयुक्त र उद्यमशील जनशक्ति तयार गर्नु ,

- शिक्षाका सबै निकाय तथा शैक्षिक संस्थाहरुमा सुशासन प्रवर्द्धन गरी विद्यार्थीहरुको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास गर्नु ,
- पाठ्यक्रमलाई सान्दर्भिक तथा भएका मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाई दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सृजनशील, सकारात्मक सोच भएका, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगार उन्मुख नागरिक तयार गर्नु ,
- समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्नु ,
- शैक्षिक क्षेत्रलाई भय, विभेद र दुर्व्यवहारमुक्त तथा सुरक्षित र विविधता अनुकूल बनाई विद्यार्थीलाई सिकारुमैत्रीका साथसाथै प्रविधिमैत्री वातावरणमा सिकाइ क्रियाकलापमा सहभागी हुनसक्ने गरी आपतकालीन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्नु ,

## २.५ योजना तथा रणनीतिहरु

- प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमलाई विद्यालय शिक्षाको अभिन्न अङ्गको रुपमा विकास गरी यसलाई सबै बालबालिकाका निम्ति अनिवार्य गरिनेछ ।
- नक्साङ्कनका आधारमा नगरपालिका क्षेत्रभित्र विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी सबै बालबालिकाको पहुँच र सहभागिताको सुनिश्चितता गरिनेछ ।
- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रत्याभूति गर्न नगरपालिकाका सबै बालबालिकालाई विद्यालय भर्ना गरी/गराई तथा भर्ना भएका सबै बालबालिकालाई अध्ययनमा निरन्तरता दिन र गुणस्तर अभिवृद्धि गर्नका लागि उत्प्रेरणामूलक उपायहरु अवलम्बन गरिनेछ ।
- सङ्घीय तथा प्रदेश सरकारको सहयोग र सहजीकरण अनि नगरपालिकाको नेतृत्वमा विद्यालयहरूले भौतिक, आर्थिक, शैक्षिक तथा मानवीय व्यवस्थापन र विकास गर्दै आधारभूत शिक्षाको गुणस्तरमा प्रवर्धन गरिनेछ ।
- नि:शुल्क माध्यमिक शिक्षामा सहज पहुँच र समावेशी सहभागिता सुनिश्चित गर्न सङ्घ र प्रदेश सरकारसँगको समन्वयात्मक कार्यढाँचामा माध्यमिक विद्यालयहरूको क्षमता सुधार गरिनेछ ।
- अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षा तथा नि:शुल्क माध्यमिक शिक्षाको विकास तथा व्यवस्थापनका लागि सङ्घ, प्रदेश र स्थानीय सरकारबिच समन्वयात्मक कार्यढाँचा र उत्तरदायित्व प्रणालीलाई प्रभावकारी र सुदृढ बनाउने सवालमा सहयोग र सहकार्य गरिने छ ।
- विद्यालयमा विषयगत शिक्षकको सुनिश्चितता गर्नुका साथै शिक्षकको पेसागत विकास र भरपर्दो सहयोग प्रणालीको सुनिश्चितता हुने आवश्यक संयन्त्रको निर्माण गरिनेछ ।
- पेशाप्रति समर्पित, सामाजिक आचरणको हिसाबले अब्बल एवम् बालबालिका र शिक्षण सिकाइ क्रियाकलापप्रति रुचि भएको व्यक्तिलाई शिक्षकमा नियुक्ति गर्नका लागि आवश्यकतानुसार शिक्षक छनोट पाठ्यक्रमको विकास र परिमार्जनमा समेत नगरपालिकाबाट विशेष योगदान गरिनेछ ।
- अपनत्वको सिर्जना, नेतृत्वको सबलीकरण, शिक्षण सिकाइ प्रक्रियामा सुधार, पेशागत नैतिकताको प्रवर्धन र लगानी अभिवृद्धिद्वारा सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गरिनेछ ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा विपन्न एवम् पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई समेट्न विशेष सहुलियत दिने नीति अख्तियार गरिनेछ ।
- अपाङ्गता भएका बालबालिकाहरुको आवश्यकता र समावेशीकरणको सिद्धान्तको आधारमा विशेष शिक्षा र समावेशी शिक्षाका माध्यमबाट उपयुक्त शैक्षिक अवसरहरु उपलब्ध गराइनेछ ।
- बालबालिकाको पोषणको अवस्था तथा स्वास्थ्यमा सहयोग पुग्ने गरी दिवा खाजाको प्रबन्धका साथै स्थानीय स्वास्थ्य तथा अन्य सम्बन्धित सरकारी तथा गैरसरकारी संस्थाहरूसँग सहकार्य गरी सरसफाइ तथा स्वच्छता, आधारभूत स्वास्थ्य र पोषण सेवा तथा शिक्षाको सुविधा विद्यालयमार्फत् प्रदान गरिनेछ ।
- नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने गरिब, सुविधाविहीन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयमा भर्ना हुन, निरन्तरता दिन र सिकाइमा सहभागी भई उपलब्धि सुधारमा सहयोग गर्नका लागि आवश्यक सहयोग प्रणालीको विकास गरी लागु गरिनेछ ।
- निजी लगानीका शिक्षण संस्थाहरुलाई नियमन र अनुगमन गरी सोही अनुसार स्तरीकरण गरिनेछ ।
- सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रुपमा एकीकृत गर्दै सिकाइलाई प्रविधिमैत्री, व्यावहारिक र नतिजामूलक बनाइनेछ ।
- शैक्षिक गुणस्तर अभिवृद्धिका लागि शिक्षण संस्थाहरुको अनुगमन, निरीक्षण तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाइनेछ ।

- आपतकालीन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि शैक्षिक गतिविधिलाई निरन्तरता दिनका लागि आवश्यक पर्ने संरचनागत, प्रविधिगत एवम् मानवीय स्रोतको उचित किसिमबाट व्यवस्थापन गरिनेछ।
- स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्रीको निर्माण तथा विकास गरी सोको कार्यान्वयन पक्षलाई प्रभावकारी बनाइनेछ।
- प्राविधिक तथा व्यावसायिक शिक्षाको क्षेत्रमा लागत साझेदारीको सिद्धान्तका आधारमा नगरपालिकाले स्रोत परिचालन तथा व्यवस्थापन गर्नेछ।
- सङ्घ, प्रदेश र स्थानीय सरकारको समन्वयात्मक कार्यढाँचाका आधारमा निःशुल्क माध्यमिक शिक्षा (व्यावसायिक/प्राविधिक तथा साधारण) मा सहज पहुँच र समावेशी सहभागिता सुनिश्चित गर्न माध्यमिक विद्यालयहरूको क्षमतामा सुधारका लागि आवश्यक सहकार्य गरिनेछ।
- सबै तहको शिक्षाको सान्दर्भिकता र गुणस्तर विकासका लागि पाठ्यक्रम तथा पाठ्यसामग्री परिमार्जन तथा सान्दर्भिकरणसहित शिक्षक शिक्षा तथा तालिम र शिक्षण सिकाइ तथा मूल्याङ्कन पद्धतिमा नगरपालिकाले आवश्यक सहयोग र सहजीकरण गर्नेछ।
- साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसरलाई पेसा एवम् व्यवसाय, सामाजिक जीवन र सहभागितासँग आबद्ध गर्नुका साथै सामुदायिक सिकाइ केन्द्रहरूको कार्यक्षमतामा सबलीकरण गरिनेछ।
- विभिन्न उद्देश्यका साथ विभिन्न तहको शिक्षा हासिल गर्न सहज वातावरणको सिर्जना गर्नका लागि पुस्तकालय, सामुदायिक सिकाइ तथा सूचना केन्द्र र सङ्ग्रहालयको स्थापना र विस्तार गरिनेछ।
- शिक्षा प्राप्तिको संवैधानिक र कानुनी दायित्व पूरा गर्न नगरपालिकाको प्राथमिकताका आधारमा प्रयाप्तता, समन्यायीकता र प्रतिफलमुखी हुने गरी शैक्षिक लगानी सुनिश्चित गरिनेछ।
- नगरपालिकाको शिक्षा हेर्ने निकाय र सम्पूर्ण प्रकारका शैक्षिक संस्थाहरुमा सुशासन प्रवर्धन गरी तिनको सुदृढीकरण र सबलीकरणका माध्यमबाट बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास गरिनेछ।
- विद्यालय शिक्षामा सुशासन प्रवर्धन गर्नका लागि विद्यालयको नेतृत्व प्रणालीमा सुधार, सूचना प्रविधिमा आधारित व्यवस्थापन, कार्यसम्पादनमा आधारित प्रोत्साहन र नतिजामा आधारित उत्तरदायित्व प्रणालीको विकास गरिनेछ ।
- सङ्घीय र प्रदेश कानुनसँग नबाझिने गरी शिक्षासम्बन्धी आवश्यक पर्ने नीति तथा कानुनको तर्जुमा गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

## २.६ अपेक्षित उपलब्धिहरु:

- सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित हुने,
- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर अभिवृद्धि हुने,
- माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने,
- नगरक्षेत्रमा बसोबास गर्ने सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त हुने,
- शिक्षा प्रशासन सञ्चालन गर्ने निकाय तथा सबै विद्यालयहरुमा सुशासन प्रवर्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीमा विकास हुने,
- राष्ट्रिय तथा स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन हुने,
- विद्यार्थीको समग्र समुन्नतिका लागि समर्पित शिक्षकहरुबाट सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गरी विद्यार्थीहरुको सिकाइ उपलब्धिमा सुधार हुने,
- विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चत हुने,
- बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार भई सिकाइमा सुधार हुन सहयोग पुग्ने,
- प्राविधिक तथा व्यावसायिक शिक्षामा इच्छुक नागरिकको सहजै पहुँच पुग्ने,
- उच्च शिक्षा प्रदायक संस्थाहरुलाई संस्थाको सञ्चालन तथा व्यवस्थापनमा भरमग्दुर सहयोग र समन्वय प्राप्त हुने,
- उच्च शिक्षाबाट स्थानीय तह एवम् समग्र मुलुकको समुन्नतिका लागि आवश्यक पर्ने दक्ष, सक्षम र समर्पित जनशक्तिको उत्पादन हुने,
- अपाङ्गता भएका बालबालिकाहरुलाई विशेष शिक्षा र समावेशी शिक्षाका माध्यमबाट उपयुक्त शैक्षिक अवसरहरु प्राप्त हुने,

- विद्यालयको निरीक्षण, अनुगमन तथा मूल्याङ्कन प्रभावकारी र नतिजामूलक हुने,
- विद्यालयमा कार्यरत शिक्षकहरुलाई पेसागत विकास र सहयोग प्राप्त हुने,
- संस्थागत विद्यालयहरुको प्रभावकारी र न्यायसङ्गत ढङ्गले नियमन हुने,
- सम्पूर्ण तहमा आवश्यक पर्ने न्यूनतम विषयगत शिक्षकको व्यवस्थापन हुने,
- नक्साङ्कनका आधारमा विद्यालयहरुको स्थापना, पूनर्वितरण तथा समायोजन हुने,
- शिक्षाका सबै निकायहरुमा सुशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास हुने,
- विद्यालय तह एवम् उच्च शिक्षाको पाठ्यक्रम सान्दर्भिक र जीवनोपयोगी तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भई दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सृजनशील, सकारात्मक सोच भएका, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरिक तयार गर्न सहयोग हुने,
- विद्यालयमा आवश्यक पर्ने बालमैत्री भौतिक संरचना निर्माण भएको हुने।
- बालबालिकाहरुमा पठन सिप विकास भई शैक्षिक गुणस्तरमा परिवर्तन हुने।
- बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्था एवम् मनोसामाजिक कुशलता (well-being) मा सुधार र अभिवृद्धि भई सिकाइमा सुधार हुने,

## २.७ बारबर्दिया नगरपालिकाले शिक्षामा गरेका असल अभ्यासहरुः

- सबै बालबालिकाको पढ्ने अधिकारको सुनिश्चितता गर्न अनिवार्य निःशुल्क आधारभूत शिक्षा सुनिश्चितता (मिति २०७५।३।२८) शिक्षा मन्त्री गिरिराजमणि पोख्रेलबाट देशमा पहिलो नगरपालिका घोषणा गरिएको। साथै माध्यमिक तह कक्षा १० सम्म निःशुल्क गरिएको,
- तहगत स्थायी शिक्षक प्र. अ. व्यवस्थापन तथा प्र.अ. हरुसँग करार सम्झौता गरी कार्यान्वयन भएको,
- विद्यार्थी सङ्ख्याको आधारमा शिक्षक सङ्ख्या अपुग भएको साविकको प्रा.वि., नि.मा. र मा.वि.तहमा विषयगत ११७ जना नगर शिक्षक व्यवस्थापन गरिएको,
- सबै बालविकास केन्द्रहरुमा LED सहितको शैक्षिक सामग्रीको व्यवस्था,
- करिब २०० जना आर्थिक अवस्थाले कमजोर भएका बालबालिकाहरुलाई पोसाक र झोला सहित शैक्षिक सामग्रीको व्यवस्था,
- आधारभूत तह तथा माध्यमिक विद्यालयमा ICT व्यवस्थापन गरिएको,
- प्र.अ.,बालविकास स.का.लगायत विद्यालय कर्मचारीहरुलाई थप प्रोत्साहन सुविधा दिइएको,
